नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
**वनस्पति विभाग**
आ.व. २०८०/०८१

मिति २०८०।०८।११

## रिसर्च ईन्टर्न (अनुसन्धान सहायक) का लागि आवेदन आह्वान सम्बन्धी सूचना ।

वनस्पति विभाग अन्तर्गतको **वनस्पति स्रोतको परम्परागत ज्ञानको अभिलेखीकरण** गर्ने कार्यको लागि एक (१) जना रिसर्च ईन्टर्न (अनुसन्धान सहायक) आवश्यक भएकोले वनस्पतिशास्त्र विषयमा स्नातकोत्तर तह शोधवर्ष (Thesis year) मा अध्ययनरत योग्य उम्मेदवारहरुले सूचना प्रकाशन भएको मितिबाट पन्ध्र (१५) दिनभित्र कार्यालय समयमा उपस्थित भई वा ईमेल मार्फत तपसिलका कागजात सहित वनस्पति विभाग, थापाथलीमा तोकिएको ढाँचामा दरखास्त पेश गर्नुहुन यो सूचना सार्वजनिक गरिएको छ ।

**आवश्यक कागजातहरु:**

- बायोडाटा -१ प्रति
- नागरिकताको प्रमाणित प्रतिलिपी -१ प्रति
- पासपोर्ट साईजको फोटो -१ प्रति
- न्यूनतम शैक्षिक योग्यता (स्नातकोत्तर प्रथम, द्बितीय सेमेष्टर) का प्रमाणपत्रहरुको प्रतिलिपी -१ प्रति
- सम्बन्धित क्षेत्रमा काम गरेको अनुभव भए आधिकारिक कागजातहरु

**ईन्टर्नसिपको अवधि:** बढीमा १३५ कार्यदिन

**छनौट विधि:** शैक्षिक योग्यता, कार्य अनुभवको मूल्याङ्कन तथा अन्तर्वार्ता

आवेदन फारमको लागि वनस्पति विभाग, थापाथलीको वेभसाईट https://dpr.gov.np/ हेर्नुहोला साथै थप जानकारीका लागि वनस्पति विभाग, थापाथलीमा सम्पर्क गर्नुहोला ।

**सम्पर्क नम्बर:** ०१-४२५११६०, ०१-५३५११६१

ईमेल ठेगाना: info@dpr.gov.np, biodiversity.dpr@gmail.com

**पुनश्च:** सबै कागजातहरु ईमेल मार्फत पेश गर्दा pdf फर्म्याटमा एउटै फाईलमा पेश गर्नुपर्नेछ । रित नपुगेका निवेदनहरु माथि कुनै कारवाही नहुने कुरा जानकारी गराईन्छ ।